**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २२ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालका राज्यपाल ड़ा. सी.भीआरनन्दबोस अस्वस्थ्य / उहाँलाई हिजो सैन्य अस्पताल र आज एक निजी अस्पतालमा भर्ती गराइएको छ। स्वास्थ्य स्थिर रहेको छ।
२. जम्मू काश्मीरको पहलगावँमा पर्यटकहरूमाथि आतंकी हमला/ एकको मृत्यु १२ घाईते/ प्रधानमंत्रीले गहिरो शोक व्यक्त गर्दै गृहमंत्रीलाई आज घटना स्थल जाने निर्देश दिनुभयो।
३. पोप फ्रान्सिसको अनितम संस्कार आउने शनिवार गरिनेछ। पहाड़का प्रायः नेताहरू र कैथेलिक नेताहरूले गहिरो शोक संवेदना व्यक्त गरेका छन्।
४. पाथिभरा मन्दिर जोने क्रममा वाहन बिजुलीको हाई टेन्सन तारसित ठोकिन्दा चार जनाको हृदय विदारक मृत्यु , दुई धाइते।

अनि

५. जीटिए क्षेत्रका लागि अमृत योजना बमोजिम करोड़ौ रूपिया केन्द्रले आवंटित गरेको कुरा सांसद राजु विष्टले बताउनुभएको छ।
६. आज पृथ्वि दिवस पालन गरिन्दैछ।

**पश्चिम बंगाल - अस्पतालमा भर्ती**

पश्चिम बंगालका राज्यपाल डाक्टर सी. वी. आनन्द बोसलाई छात्तीमा समस्या भएपछि हिज कोलकाता स्थित ईस्टर्न कमाण्ड अस्पतालमा भर्ती गरिएको थियो। आज उहालाई अग्रिम जाँचको लागि एक निजी अस्पतालमा स्थानान्तरण गरियो। सो जानकारी राजभवनका एकजना वरिष्ठ अधिकारीले दिएका हुन्। अधिकारी अनुसार राज्यपालको स्थिति स्थिर छ। चिकित्सकहरूको सल्लाह अनुरूप उहालाई कोलकाताको ईस्टर्न मेट्रोपोलिटन बाईपास स्थित एक निजी चिकित्सा संस्थानमा ल्याइएको छ जहाँ केही आवश्यकक चितित्सकीय परीक्षण गरिनेछ। यी परीक्षणहरूको आधारमा अघिल्लो चिकित्सा प्रक्रिया तय गरिनेछ। उल्लेखनीय छ, गत शनिवार राति मुर्शिदाबादको दंगा प्रभावित क्षेत्रको भ्रमण गरी फर्किएपछि राज्यपाललाई छात्तीमा समस्या भएको थियो। हिज मुख्यमन्त्री ममता ब्यानर्जीले ईस्टर्न कमाण्ड अस्पतालमा पुगेर राज्यपालको स्थितिबारे जानकारी लिनु भयो।

**जम्मू काश्मीर एटेक**

आज दिउँसो जम्मू काश्मीरको अनन्तनाग जिल्लाको पर्यटकीय क्षेत्र पहलगाममा अज्ञात हमलावारहरूले आतंकी हमला गरेका छन्। उक्त हमलामा १ जना पर्यटकको मृत्यु भएको छ भने १२ जना घाइते भएका छन्। प्रधानमंत्री नरेन्द्र मोदीले यस हमलाको कड़ा शब्दमा निन्दा गर्नुभएको छ। उहाँले गहिरो दुःख व्यक्त गर्नुहुँदै गृहमंत्री लाई साउदी अरबिया बाट आफ्नो भ्रमणको अवधिनै टेलिफोन गरि स्थितिबारे जानकारी लिनुभएको छ। जम्मु काश्मीरका उप-राज्यपाल मनोज सिन्हाले यस हमलालाई कायरतापूर्ण बताउनु हुँदै दोषीहरू विरूद्ध कड़ा कार्यवाही गरिने बताउनुभयो। यस घटनाप्रति मुख्य मंत्री उमर अब्दुल्लाले कड़ा प्रतिक्रिया दिनुहुँदै हमलाकारी आतंकवादीहरूलाई कसै गरेर पनि नछोड़िने अनि निर्दोष मानिसहरूलाई लक्ष्य गरि विशेष गरी पर्यटकहरूलाई गरिएको हमला असहनीय रहेको भनी बताउनुभएको छ। केन्द्रिय गृहमंत्री अमित शाहले घटनाको संज्ञान लिन एउटा उच्च्व स्तरीय बैठक गर्दै हुनुहुन्छ। यस बैठकमा सुरक्षा एजेन्सीकाशीर्ष अध्किारीहरू सामेल छन्। यस बैठक पछि गृहमंत्री आज पहलगाम जानुहुनेछ तथा घटनाको प्रत्यक्ष जानकारी लिनुहुनुछ। धर्म सोधेर आतंकीहरूले पोइन्ट ब्ल्यांक रेन्ज मा आतंकीहरूले पर्यटकहरूलाई गोली हानेको जानकारी प्राप्त भएको छ।

**संशो पृथ्वी दिवस**

विश्वमा पर्यावरण संरक्षणका प्रयासहरुको समर्थनको लागि आज पृथ्वी दिवस मनाइन्दै छ। सन् 1969 मा यूनेस्को शिखर सम्मेलनमा आएको सुझाव पछि 1970 मा पहिलो पल्ट पृथ्वी दिवस मनाइएको थियो। यस वर्ष पृथ्वी दिवसको विषय - "हमारी शक्ति, हमारा ग्रह" रहेकोछ । पृथ्वी दिवसको उद्देश्य पर्यावरण संबंधी मुद्दाहरुको बारेमा जागरूकता बढ़ाउन अनि पृथ्वीको रक्षाको लागि प्रेरित गर्नु हो। यसले मनिश्हरुलाई जलवायु परिवर्तन, प्रदूषण अनि स्थिरताको बारेमा जागरूक गराउदछ अनि स्वच्छता तथा पौधा रोपण जस्तो सामुदायिक प्रयासहरुलाई संगठित गर्दछ। यस दिनले सामुदायिक सहयोग अनि पर्यावरण अनुकूल प्रथाहरुलाई बढ़ावा दिदछ तथा मानिसहरुलाई स्थायी आदत पालन गर्न प्रोत्साहित गर्दछ। यस वर्षको विषयले वर्ष २०३० सम्ममा स्वच्छ ऊर्जाको उत्पादन तीन गुणा बढाउन सरकारलाई आग्रह गर्दै नवीकरणीय ऊर्जालाई तत्काल अवलम्बन गर्नुपर्नेमा जोड दिएको छ। यो अभियान जलवायु परिवर्तनसंग जुझ्नको लागि जीवाश्म ईंधन माथि निर्भरता कम गर्न अनि स्थायी, न्यायसंगत तथा समावेशी ऊर्जा भविष्यमा निवेश गर्ने महत्वमा जोड दिन्छ।

****** ० ******

**पर्यावरण संरक्षण**

पर्यावरण संरक्षणको दिशामा प्रत्येक नागरिक सचेत एवं सक्रिय हुन सके बन बिकास सङ्गसङ्गै पेयजल समस्याको समाधान गर्न सकिने उदाहरण सामाजिक अभियन्ता बिएम सुब्बाले प्रस्तुत गर्नु भएको छ। मिरिक अन्तर्गत सौरैनी चियाबारीको गैरी गाउँ निवासी बिएम सुब्बा भुतपुर्व प्रधान अध्यापक हुनुहुन्छ जसले तीन दशक देखि बोट बिरुवा रोपन सङ्गै पेयजल संरक्षण र प्रबर्द्धनको दिशामा कार्य गर्दै आई रहनु भएको छ । उहाँले सन् १९९२ सालमा विश्व पर्यावरण दिवसको दिन रोपेका दुई वटा बरको रुख मुनिबाट २७ बर्ष पछि पानी पलाउन थालेपछि आज धारामा एक इन्च सम्म पानी आउन थालेको जानकारी दिनुभएको छ। उहाँले धारामा पानीको मात्रा बडेपछि गाउँका अस्सी घर परिवारले लाभ लिइरहेको बताउदै पर्यावरणको संरक्षणको दिशामा प्रत्येक नागरिक समाज ए युवाबर्ग , बिद्यार्थीबर्ग अघि आउने आह्वान गर्नुभएको छ।

**संशो पोप . कार्डिनल बैठक**

वेटिकनले आज कार्डिनल्सको बैठक पछि पोप फ्रांसिसको अंतिम संस्कारको योजनाको घोषणा गरेको छ। पोप फ्रांसिसको अंतिम संस्कार आगामी शनिवार 26 अप्रेलको दिन सेंट पिटर्स स्कवॉयरमा गरिने छ। सेंट पिटर्स बेसेलिकामा उहाँको पार्थिव शरीरलाई मानिसहरूको अन्तिम दर्शनका लागि राखिने छ। वेटिकनमा हृदय आघातले स्वयंको आवासमा पोप फ्रांसिसको हिजो निधन भएको थियो। उहाँ दोहोरो निमोनियाको समस्याले ग्रस्त थिए। जसले गर्दा विगत पांच साता देखि उहाँलाई अस्पतालमा भर्ती गराइएको थियो। उहाँको निधनमा विश्वभरिबाट आइरहेका श्रद्धांजलि संदेशहरूमा उहाँलाई एक उदारवादी सुधारक धर्मगुरूको रूपमा याद गरिन्दै छ। सेंट पिटर्स बेसेलिकामा सम्पन्न हुने उहाँको अंतिम संस्कारमा विश्वभरीका राष्ट्राध्यक्षहरू र राष्ट्र प्रमुखहरू पुग्ने संभावना छ। अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले पोप फ्रान्सिसको अंतिम संस्कारमा शामेल हुने सब भन्दा पहिला घोषणा गर्नु भएको छ। पोप फ्रांसिस पहिलो जेसुट पोप थिए। उहाँको १२ वर्षको कार्यकालमा उहाँलाई निर्धन र वंचितहरूको समर्थक रूपमा जानिन्थ्यो।

**पोप निधन श्रदाजंली**

दार्जीलिङ पहाड़का कतिपय नेताहरूले कैथोलिक धर्मका प्रमुख पोप फ्रान्सिसको निधन प्रति गहिरो शोक संवदेना व्यक्त गरेका छन्। जीटिए का प्रमुख कार्यपाल तथा बीजीपीएम अनित थापा , भाजपा सांसद राजु विष्ट, जीएनएलएफ नेता मन घिसिंग , इण्डियन गोरखा जनशक्ति फ्रन्टका अध्यक्ष अजय एडवर्ड, लगायत कैंयन स्थानीय नाताहरू तथा कैथोलिक समुदायका प्रमुखहरूले गहिरो शोक संवदेना व्यक्त गरेका छन्। पोप फ्रान्सिसलाई ईसाई धर्ममा धेरै सुधारको सुत्रधार थिए भनी धेरैको भनाई छ। पाहाड़ाका कैथोलिक चर्चहरूमा उहाँलाई श्रदाजंली अर्पित गरिएको तथा विभिन्न सम्बन्घित ईसाई स्कूलहरूमा आज शेकसभा आयेजित गरिएको जानकारी प्राप्त भएको छ।

**पाथीभरा दुर्घटना**

नेपालको पूर्वी भागमा पर्ने ख्याती प्राप्त पाथीभरा देवी मन्दिर जाने क्रममा चार जना श्रदालुहरूको हृदय विदारक मृत्यु भएको छ। तथा अन्य दुई जना गंभीर रूपमा घाईते भएका छन्। घाइतेहरूलाई उपचारको लागि अस्पताल लगिएको छ। प्राप्त जानकारी अनुसार सविना पौड़ेल नामक महिलाले आफ्ना दुई छोराछोरी अनि स्वयंको बुबा आमालाई लिएर एउटा बोलेरोमा सवार भई ताप्लेजुंग पुगेर राती बास बसेकी थिईन। बिहान प्रायः साढ़े तीन बजी उठेर सपरिवार तिनी पाथीभरा मन्दिरका लागि प्रस्थान गरिन तर दुर्भाग्यवस सेवारो चौक पुग्दा सो बोलेरो बिजुलीको खम्बा सित ठोकिन्दा वाहन बिजुलीको हाईटेन्सन तारको चपेटमा परयो जसले गर्दा वाहनमा आगो लाग्यो साथै सवार सबैजना बिजुलीको चपेटमा पर्न गए। यस दुर्घटनामा दुई वृद्ध र एउटा किशोरीको मृत्यु भयो। घाईते सविना र उसको छोरालाई हेलिकप्टर द्वारा उपचारका लागि काठमाण्डु लगिएको छ।

**केन्द्रीयमंत्री नेपाल भ्रमण**

भारतका केन्द्रीय ऊर्जाए आवास तथा शहरी मामिला मन्त्री मनोहर लाल खट्टर दुई दिने औपचारिक भ्रमणमा छन् जसको उद्देश्य दुई देशबीचको आपसी हितका प्रमुख ऊर्जा क्षेत्र परियोजनाहरूबारे छलफल गर्नु र दुई देशबीचको द्विपक्षीय सहयोगलाई सुदृढ पार्नु हो। काठमाडौं आइपुग्दा उनलाई नेपाल सरकारका ऊर्जा सचिव सुरेश आचार्यए नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवए एनएचपीसीका सीएमडी र अन्य वरिष्ठ अधिकारीहरूले न्यानो स्वागत गरेका थिए। उनी ऊर्जाए जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्काको निमन्त्रणामा यहाँ आएका थिए। नेपालमा हाम्रा विशेष संवाददाताबाट थप जानकारी यहाँ छ:

प्रेषण--

नेपालका ऊर्जामन्त्री दीपक खड्कासँगैए भारतीय ऊर्जामन्त्री मनोहर लाल खट्टरले कोशी करिडोर २२० केभी प्रसारण लाइन अन्तर्गत इनरुवा-बसन्तपुर-बनेश्वर-तुम्लिङटार २०० केभी प्रसारण लाइन र २२० केभी तुम्लिङटारए बानेश्वर र बसन्तपुर सबस्टेशनको संयुक्त रूपमा उद्घाटन गरे। यो मंगलबार संखुवासभाको तुम्लिङटारमा भारत सरकारको सहयोगमा सम्पन्न भएको हो। सोही दिन ऊर्जामन्त्री खट्टरले भारतद्वारा निर्मित अरुण तेस्रो जलविद्युत परियोजनाको पावरहाउस र बाँध क्षेत्रको निरीक्षण गर्नुभयो। अरुण ३ जलविद्युत परियोजना पूर्वी नेपालको संखुवासभा जिल्लाको अरुण नदीमा छ। प्रसारण लाइन मार्ग नेपालको भोजपुरए खोटाङ, उदयपुर, सिरहा, धनुषा र महोत्तरी जस्ता विभिन्न जिल्लाहरू हुँदै फैलिएको छ।नेपाल र भारतबीच संयुक्त लगानीमा निर्माण हुने प्रसारण लाइनको सम्झौतामा हस्ताक्षर गरेर निर्माण प्रक्रिया अगाडि बढाइनेछए जसको लागि मंगलबार साँझ सम्झौतामा हस्ताक्षर हुने भएको छ। दुई देशबीच संयुक्त लगानीमा निर्माण हुने प्रसारण लाइनको सम्झौतामा हस्ताक्षर गरेर निर्माण प्रक्रिया अगाडि बढाइनेछ।भारतीय मन्त्री खट्टरले प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहलाई भेट्ने कार्यक्रम छ। उनले बुधबार मुस्ताङको मुक्तिनाथ र काठमाडौंको पशुपतिनाथको भ्रमण गर्ने कार्यक्रम छ।

**दार्जीलिङ सासंद**

दार्जीलिङका सांसद लोकसभा सांसद राजु विष्अले भन्नुभएको छ केन्द्र ससरकारले पश्चिम बंगाल तथा यसका दुई पहाड़ी जिल्लाहरू दार्जीलिङ र कालेबुङको पूर्वाधार विकासमा निरन्तर ध्यान दिईरहेको छ। उहाँले भन्नुभएको छ अमृत योजना अर्न्तगत पश्चिम बंगाललाई १६२६ करोड़ ३६ लाख रूपियाँ राजय सरकारलाई प्रदान गरि सकिएको छ। अमृत योजना– २ बमोजित राज्यलाई ३६५८ करोड़ रूपियाँको आवंटन गरिएको जानकारी पनि गराउन भयो।